# सरावल गाउँपालिका

# नवलपरासी

# राजश्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan)

# अन्तिम प्रतिवेदन

**सहयोगी संस्था**

**अल नेपाल कन्सल्टेन्सी सर्भिस**
**काठमाडौं**
**२०७८**

# विषय सूची


भाग १ : पृष्ठभूमि तथा राजश्व सुधार कार्ययोजनाको परिचय .......... १

१.१ परिचय .......... १

१.२ राजश्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्य .......... १

१.३ राजश्व सुधार कार्ययोजना तर्जुमाको कार्यक्षेत्र .......... २

१.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया .......... २

*१.४.१ तयारी चरण* .......... २

*१.४.२ शुरुवात चरण* .......... २

*१.४.३ अन्तिम प्रतिवेदन तयारी तथा पेश चरण* .......... ३

भाग २: सरावल गाउँपालिकाको विद्यमान अवस्था .......... ४

२.१ सरावल गाउँपालिकाको संक्षिप्त परिचयः .......... ४

२.२ राजश्व प्रशासनमा संलग्न मानव संसाधन .......... ४

२.३ तालिका ३: भौतिक सम्पत्ति .......... ५

२.४ विगतको आय परिचालनको अवस्था .......... ५

भाग ३: सरावल गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता .......... १०

३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी कानूनी व्यवस्था .......... १०

३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना .......... १३

*३.२.१ कर राजश्व* .......... १३

*३.२.२ गैर–कर राजश्व* .......... १८

भाग ४: सरावल गाउँपालिकाको राजश्व सुधार कार्ययोजना .......... २१

भाग ५: आगामी तीन वर्षको आय प्रक्षेपण .......... २९

५.१ राजश्व प्रक्षेपणको आधार .......... २९

भाग ६: निष्कर्ष तथा सुझावहरु .......... ३२

६.१ सरावल गाउँपालिकाको आय संक्षेपमा .......... ३२

६.२ सरावल गाउँपालिकाको आन्तरिक आय .......... ३२

६.३ राजश्व प्रशासन सुधारका प्राथमिकताहरु .......... ३३

६.४ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन .......... ३४

अनुसूची-१ः अभिमुखिकरणमा सहभागिहरुको नामावली .......... ३५

अनुसूची-२ः ऐन कानुनमा भएका अधिकारहरु .......... ३८

अनुसूची-३ः कार्यशालमा का प्रस्तुति .......... ४४

अनुसूची- ४ समुह .......... ६०

# भाग १ : पृष्ठभूमि तथा राजश्व सुधार कार्ययोजनाको परिचय

## १.१ परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार क्षेत्रको व्यवस्था छ, जसमा स्थानीय तहको राजश्व अधिकारको व्यवस्था गरिएको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा एकल स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ । यसका अतिरिक्त अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजश्व बाँडफाँटको व्यवस्था गरेको छ । दुबै ऐनले स्थानीय तहको वित्तीय अधिकारलाई व्याख्या गरी विभिन्न कर, शुल्क, दस्तुर तथा दण्ड जरिवानावाट आय आर्जन गर्नसक्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने सेवा प्रवाह तथा सेवा सुविधा प्रवाह गर्ने क्षमतालाई बृद्धि गर्न राजश्व सम्वन्धी योजना, नीति तथा कानूनहरुको तर्जुमा गरी कार्यान्वय गर्न आवश्यक हुन्छ ।

विद्यमान अवस्थामा ज्यादातर स्थानीय सरकारहरुको आयको मुख्य हिस्सा संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानका साथै राजश्व बाँडफाँटवाट प्राप्त हुने रकमले ओगटेको पाईन्छ । स्थानीय सरकारको खर्च गर्ने क्षमता विकासको लागि आफुलाई प्राप्त राजश्व अधिकारको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन जरुरी हुन्छ, जसले स्थानीय स्वायत्ततालाई प्रवर्धन गर्न सहयोग गर्नेछ । स्थानीय तहहरुलाई आन्तरिक रुपमा राजश्व संकलन गर्ने अधिकार प्रदान गरिए तापनि यसलाई सही रुपमा उपयोग गर्न स्थानीय सरकारहरुमा राजश्व सम्वन्धी नीति, कानून तथा कार्यविधिहरुको तर्जुमा, आय सम्भाव्यताको पहिचान, राजश्व दर निर्धारण, राजश्व अनुमान तथा कार्यान्वयन क्षमता सुधार गर्न आवश्यक देखिन्छ । यसको लागि स्थानीय सरकारको राजश्व परिचालनसंग सम्वद्ध पक्षहरुको क्षमता विकास गरी आवश्यकता अनुसार सहयोगको आवश्यकता देखिन्छ । स्थानीय सरकारको राजश्व परिचालन सम्वन्धी व्यवस्था पूर्ण तथा सही रुपमा कार्यान्वय हुन नसक्नुको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था गरी सूचना तथा तथ्यांक प्रणालीको स्थापना, आय संकलन तथा अभिलेख तथा नियन्त्रण प्रणालीको स्थापना अभ्यासमा क्षमता तथा तत्परताको कमी हुनु रहेको छ ।

यो राजश्वा सुधार कार्ययोजना अल नेपाल कन्सल्टेन्सी सर्भिस, काठमाण्डौको सहकार्यमा तयार पारिएको हो । यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा सरावल गाउँपाकिाका निर्वाचित प्रतिनिधि, कर्मचारी तथा यसका सरोकारपक्षहरूले आफ्नो योगदान दिएका छन् । एस अन्गर्तत राजश्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, आन्तरिक आय सुधारकालागि सहभागीतात्मक विधिबाट समस्या तथा अबसरहरूको पहिचान गरी सुधारको लागि कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी सरावल गाउँपालिकालाई आय प्रक्षेपणलाई मार्गदर्शन गर्ने कार्य गरिएको थियो ।

## १.२ राजश्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्य

सरावल गाउँपालिकाको आन्तरिक आयका संभावनाहरुको पहिचान गरी अधिकतम परिचालनका लागि देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा सरावल गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस राजश्व सुधार कार्ययोजनाको मूख्य उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- राजश्वका आन्तरिक स्रोतहरुको सम्भाब्यता विश्लेषण गरी राजश्व संकलन फरक पहिचान गर्ने,

- राजश्व व्यवस्थापन प्रणाली सुधार तथा राजश्व संकलन क्षमता सुधारकोलागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने,
- राजश्व स्रोतका नयाँ क्षेत्रहरुको खोजी गर्ने,
- आगामी तीन बर्षको लागि राजश्व प्रक्षेपण गर्ने,

## १.३ राजश्व सुधार कार्ययोजना तर्जुमाको कार्यक्षेत्र

राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्राविधिक सहयोग प्रदान गर्ने क्रममा सरावल गाउँपालिकाको भ्रमण गरी सहयोगका कार्यक्रमहरु सम्पन्न गरिएको थियो । राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न निम्न अनुसारको कार्यक्षेत्र निर्धारण गरिएको थियो ।

- सन्धर्भ सामग्रीहरुको संकलन तथा अध्ययन,
- अध्यक्ष, उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा तथा राजश्व शाखा प्रमुखलाई राजश्व सुधार कार्ययोजना सम्वन्धी अभिमुखिकरण,
- राजश्व सुधार कार्ययोजनाको मस्यौदा, राजश्व प्रक्षेपण तयार गर्नको लागि सरावल गाउँपालिकावाट सूचना संकलन,
- राजश्व सुधार कार्ययोजनो प्रारम्भिक मस्यौदा तयार गरी पेश गर्ने,
- स्थलगत भ्रमण गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गर्ने र प्रारम्भिक राजश्व सुधार कार्ययोजना तथा राजश्व प्रक्षेपणलाई पुनरावलोकन गर्ने,
- राजश्व सुधार कार्ययोजनाको मस्यौदा सरावल गाउँपालिकामा पेश गर्ने,
- सुझावहरु समावेश गरी राजश्व सुधार कार्ययोजनालाई अन्तिम रुप दिने,
- अन्तिम राजश्व सुधार कार्ययोजनाप्रतिवेदन पेश गर्ने ।

## १.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

कार्ययोजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### *१.४.१ तयारी चरण*

संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यविधि लगायत अन्य सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन गरिएको थियो ।

### *१.४.२ शुरुवात चरण*

तयारी चरण पुरा भए पछि नगरपालिकाले यस कार्यक्रमका लागि उपलब्ध गराएको फोकल पर्सन मार्फत् सरावल गाउँपालिकासंग सम्पर्क स्थापना गरी सहयोग कार्यको शुरुवात गरिएको थियो ।
**सरावल गाउँपालिका वाट तथ्यांक तथा सूचना संकलनः** प्राविधिक सहयोग टोलीले सरावल गाउँपालिकाका कर्मचारीहरुसंग सम्पर्क स्थापना गरी कार्यक्रम सञ्चालनको लागि सम्पर्क व्यक्ति तोक्न तथा तयार गरिएको तथ्यांक संकलन सूची अनुसारको सूचना उपलब्ध गराउन अनुरोध गरेको थियो ।

**राजश्व सुधार कार्ययोजना सम्वन्धी अभिमूखिकरणः** सरावल गाउँपालिकावाट प्रारम्भिक तथ्यांक तथा सूचना संकलन पश्चात उक्त सूचनाहरुलाई विश्लेषण गरी अभिमुखिकरणको लागि प्रस्तुति सामग्री तयार गरीएको थियो । सरावल गाउँपालिकाको राजश्व सुधार कार्ययोजना सम्वन्धी अभिमुखिकरण कार्यक्रम २०७८ माघ ४ र ५ गते सञ्चालन गरिएको थियो । अभिमुखिकरण कार्यक्रमका सहभागिहरुको नामावली अनुसूची १ मा दिईएको छ ।

अभिमूखिकरण कार्यक्रममा सरावल गाउँपालिकाको आगामी आर्थिक वर्षको आय बजेट अनुमान, हालको राजश्व परिचालनको अवस्था र चालु आ.व.को आर्थिक ऐनमा सुधार गर्नुपर्ने पक्षहरुमा विस्तृत छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा सरावल गाउँपालिकाबाट प्राप्त विगत आर्थिक वर्षहरुको आय विवरण तथा हाल कार्यान्वयनमा रहेको चालु आ.व.को आर्थिक ऐनमा अस्पष्ट भएका तथ्यांक तथा प्रावधानमा सम्बन्धित सरावल गाउँपालिकाहरुबाट थप स्पष्टता प्राप्त भएको थियो । कार्यक्रमका सहभागि जनप्रतिनिधि तथा कर्मचारीहरुले समेत राजश्व परिचालन सम्बन्धी विविध विषयहरु (आर्थिक ऐन, राजश्व क्षेत्राधिकार, आम्दानी कोड र व्याख्या आदी) संग आफ्ना जिज्ञासाहरु राख्दै सुझाव प्राप्त गरेका थिए ।

**राजश्व सम्बन्धी कानूनहरु तथा आय अनुमानको मस्यौदा तयारीः** अभिमुखिकरण कार्यक्रममा सरावल गाउँपालिकावाट प्राप्त सूचनाको आधारमा प्राविधिक सहयोग टोलीले आगामी आर्थिक बर्षकोलागि आर्थिक ऐन र महालेखा नियन्त्रक कार्यालयले सिफारिश गरेको राजश्व संकेत तथा वर्गिकरण र व्याख्याको आधारमा राजश्व अनुमान मस्यौदा तयार गरी सरावल गाउँपालिकामा बुझाएको थियो । प्राविधिक सहयोग टोलीले छलफलवाट निम्न अनुसारको सूचना संकलन गरेका थिए ।

- मूख्य राजश्वका स्रोतहरुको सम्भाव्यता अध्ययनको लागि आवश्यक सूचना
- राजश्व शाखाको भौतिक सूविधा तथा सूचना प्रविधिको उपयोग
- सरावल गाउँपालिकाले पारित गरेको राजश्व सम्वन्धी कानून तथा कार्यविधि, आन्तरिक नियन्त्रणको अवस्था, क्षमता विकासको आवश्यकता
- विगतको आय संकलनको अवस्था तथा समस्याहरु
- राजश्व बजेट र कर तथा शुल्क निर्धारण प्रकृया
- राजश्वका नयाँ क्षेत्रहरुको सम्भावना
- राजश्व प्रणालीमा सुधारकोलागि गर्नुपर्ने कार्यहरु तथा नयाँ अवधारणा आदी ।

**तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारीः** सरावल गाउँपालिकामा भएको लक्षित समूह छलफल, अन्तरवार्ता, कार्यशाला, अवलोकन तथा कार्यालयवाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूका आधारमा विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजश्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । यसरी तयार भएको राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सुझावको लागि सरावल गाउँपालिका समक्ष पेश गरिएको छ ।

### *१.४.३ अन्तिम प्रतिवेदन तयारी तथा पेश चरण*

उल्लेखित मस्यौदा प्रतिवेदन उपर सरावल गाउँपालिकाबाट प्राप्त सुझावहरु समेटी गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार गरि पेश गरिएको हो ।

# भाग २: सरावल गाउँपालिकाको विद्यमान अवस्था

यस भागमा राजश्व परिचालनका क्षेत्रलाई मध्येनजर गर्दै सरावल गाउँपालिकाको परिचय तथा गाउँपालिकाको विगतको आय परिचालनको अवस्था र सोको व्यवस्थापकीय पक्षको बारेमा संक्षेपमा व्याख्या गरिएको छ ।

## २.१ सरावल गाउँपालिकाको संक्षिप्त परिचय:

### सरावल गाउँपालिका एक परिचय

नेपालको संविधान- २०७२ जारी भएपश्चात नेपालमा संघिय शासन प्रणाली लागु भएको र सोही अनुरुप नेपालमा संघ प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित भएको छ । सवै तहको हक अधिकार र कर्तव्यको सम्वन्धमा संविधानले स्पष्ट पारेको अवस्था छ ।

यसरी जनतालाई आफ्नै प्रनितिधीद्धारा शासन गर्न पाउने र जनताकै घरदैलोबाट शासकिय गतिविधी सञ्चालन गरी सरल सहज र गुणस्तरिय सरकारी सेवाको प्राप्त गर्ने जनताको अधिकार सुनिश्चत गर्न ल्याईएको संघिय शासन प्रणाली अन्तर्गत नेपाललाई ७ प्रदेश र ७५३ स्थानिय तहमा विभाजित गरिएको छ । स्थानीय तह अन्तर्गत महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका रहने व्यवस्था छ जसमध्ये सरावल गाउँपालिका पनी एक हो ।

साविक लुम्बिनी अञ्चल, नवलपरासी जिल्लामा रहेको तिलकपुर, मनरी, सरावल, बडहरादुबौलिया, रामपुरखडौना र भुजहवा गा.वि.स. को एकीकृत रुप हो सरावल गाउँपालिका । ७३.१९ वर्ग कि.मि क्षेत्रफलभित्र फैलिएको यो गाउँपालिका उत्तरमा चुरे पर्वतमाला देखि दक्षिणमा भारतसम्म फैलिएको छ । यसको पुर्वतर्फ बर्दघाट न.पा र प्रतापपुर गा.पा पर्दछ भने पश्चिमतर्फ रामग्राम न.पा र सुनवल न.पा पर्दछ । भौगोलिक, धार्मिक विविधताको धनी यस गाउँपालिकाको केन्द्र साविक सरावल गा.वि.स हालको वडा नं.३ सरावलमा पर्दछ । जुन पुर्वपश्चिम लोकमार्ग देखि ९ कि.मिको दुरीमा पर्दछ भने जिल्ला सदरमुकाम परासी देखि ८ कि.मि पुर्व तर्फ पर्दछ । २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३७४१८ रहेको छ । थारु जातीको बाहुल्यता रहेको यो गाउँपालिकामा यादव, गुप्ता, मुस्लिम, मुसहर लगायतका मधेशी समुदायको साथै वडा नं. १ र २ मा ब्राम्हण, क्षेत्री, मगर लगायतका समुदायको बसोबास रहेको छ । पर्याप्त जातीय, भाषिक, सांस्कृतीको विविधता रहेको यस पालिकामा हिन्दु, बौध्द, इस्लाम एंव ईसाई धर्मवलम्वीहरु रहेका छन । मुख्य पेशा कृषि अवलम्वन गरेको यस पालिकाभित्र पर्याप्त खेतीयोग्य जमिन रहेको छ भने धान गहु, मसुरो, मकै लगायतका अन्नवाली तथा दलहनवाली उत्पादन हुन्छ । साथै कतिपय किसानले व्यवसायिक रुपमा तरकारी खेती एवं पशुपालन गर्दै आएका छन ।

## २.२ राजश्व प्रशासनमा संलग्न मानव संसाधन

सरावल गाउँपालिकाकाको राजश्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि गाउँपालिकाको संयोजकत्वमा निर्वाचित जनप्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समितिका प्रतिनिधि तथा राजश्व उपशाखाका प्रमुख गरी देहाय बमाजिमको ७ सदस्यीय राजश्व परामर्श समिति गठन भै कार्यरत रहेको छ ।

**तालिका १: राजश्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | उत्तमा कुमारी राय | उपाध्यक्ष | संयोजक |
| २ | बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | चन्दादेवी चौधरी | कार्यपालिका सदस्य | सदस्य |
| ४ | कैलाश यादव | कार्यपालिका सदस्य | सदस्य |
| ५ | ... | प्रतिनिधि (उद्योग वाणिज्य संघ) | सदस्य |

| | | | |
|---|---|---|---|
| ६ | ... | प्रतिनिधि (घरेलु तथा साना उद्योग विकास समिति) | सदस्य |
| ७ | .... | राजश्व शाखा प्रमुख/आ.प्र.शाखा | सदस्य सचिव |

राजश्व प्रशासनका लागि सरावल गाउँपालिकामा आर्थिक प्रशासन शाखा अन्तर्गत् एक उपशखा स्थापना गरिएको छ। उक्त उपशाखामा सहायस्तर चौथो तहका कर्मचारीलाई जिम्मेवारी प्रदान गरिएको छ। यस उपशाखा तथा कार्यरत कर्मचारीको हालसम्म कार्यविवरण नभएता पनि मुख्यतः राजश्व संकलन, वडा बाट संकलित राजश्वको लगत अभिलेख तथा केही राजश्व शिर्षकका ठेक्का निर्धारण सम्बन्धी काम गर्नु रहेको छ। राजश्व प्रशासनमा कार्यरत कर्मचारीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २ : राजश्व प्रशासनमा कार्यरत कर्मचारीहरूको विवरण (२०७८ )**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | विष्णु माया कुमारी राय थारु | सहायक | कर संकलक |
| २ | अनिपा कुमारी सहानी | सहायक | कर संकलक |
| ३ | दिपकमणी गुप्ता | सहायक | कर संकलक |

## २.३ तालिका ३: भौतिक सम्पत्ति

| **ख.** | **स्वामित्वमा रहेका भवन, घर तथा टहरा** | | |
|---|---|---|---|
| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग |
| १ | वडा नं. १ देखी ७ सम्मको | ७ वटा | कार्यालय प्रयोजन |
| २ | कार्यालय भवन | | |
| ३ | थारु मिलन केन्द्र | १ | हल |
| ४ | बहुउद्देश्यीय सभाहल | ३ | हल |

## २.४ विगतको आय परिचालनको अवस्था

सरावल गाउँपालिकाको आयको मुख्य स्रोतको रुपमा संघ तथा प्रदेशवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँड बापट प्राप्त आय रहेको देखिन्छ। सरावल गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा करिव २ प्रतिशत भन्दा कम देखिन्छ। सरावल गाउँपालिकाले आन्तरिक राजश्वको लेखा वर्तमान राजश्व संकेतको वर्गीकरण र ब्याख्या अनुरुप राखेको छ यसरी लेखांकन गर्ने क्रममा केही शिर्षक नमिलेता पनि अधिकांश शीर्षकहरु मिलेका छन्। नमिलेका शीर्षकहरुलाई आगामी आ.व.का लेखांकनमा मिलाउनुपर्ने देखिन्छ। सरावल गाउँपालिकाको विगत वर्षको यथार्थ आय , आ.व. २०७८।७९ को अनुमान र २०७९/८० अनुमानित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ।

**तालिका ३: सरावल गाउँपालिकाको राजश्व संकलनको अवस्था**

| राजश्व संकेत | राजश्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | २०७८ फाल्गुन सम्मको प्रगति | आ.ब. २०७९/८० को अनुमान | आब २०८०/२०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| (१) | अनुदान | | | | | |
| | **संघीय र प्रदेश सरकार** | **३६५२८१६२०** | **३७९४६७०००** | **२१३४१०५५७** | **४०९५०००००** | **४२८५०००००** |
| १३३११ | समानिकरण अनुदान | १२,२५,००,००० | १३६९८३००० | ९३३३३००० | १४००००००० | १४५०००००० |
| १३३१२ | शसर्त अनुदान चालु | | १७९२८४००० | ९०२४००५७ | २००००००० | २१०००००० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | २२०,५१९,६२० | २८३,००००० | १२१५०००० | ३०००००० | ३१५००००० |
| १३३१४ | विषेश अनुदान चालु | ८,०००,००० | ६०००००० | ५०००००० | ८,५००,००० | ९०००००० |
| १३३१५ | विषेश अनुदान पूँजिगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | १४,२६२,००० | १५०००००० | ९०००००० | १६०००००० | १७०००००० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | १३९००००० | ८६८७५०० | १५०००००० | १६०००००० |
| १३३१८ | अन्य अनुदान चालु | | | | | |
| १३३१९ | अन्य अनुदान पूँजिगत | | | | | |
| (२) | **राजश्व बाँडफाट तथा रोयल्टी** | ९५०५७५२२ | ९१९६४००० | २७६२४६६५४ | १०७८३५००० | ११०१३५००० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ९,४३८,८५२ | १०,०००,००० | ७४९२३९२ | १०००००० | १०००००० |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६१,६४०,२६४ | ४०१३२००० | ४०१३३७९४ | ४५०००००० | ४५०००००० |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ११,७०९,६२९ | ४०१३२००० | ११७९२०७५ | ४२०००००० | ४३०००००० |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ६,९३२,३८६ | ७,६३६,२०० | ३३९५८३६ | ९०००००० | १०००००० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | | - | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | ३०,००० | | ३५,००० | ३५००० |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४,३९५,२३१ | ६००,००० | | ६००००० | ६००००० |
| १४१५७ | अन्य रोयल्टी | ९४११६० | १०७०००० | २२००० | १२००००० | १५००००० |
| (३) | **आन्तरिक स्रोत** | **१३७७३२२२८** | **९३८९८५७५** | **६६९००५७** | **१५११८०३००** | **१७२९७३०००** |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | २०७८ फाल्गुन सम्मको प्रगति | आ.ब. २०७९/८० को अनुमान | आब २०८०/२०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पत्ति कर ( *सम्पत्ति कर)* | ३,००७,३५४ | ३,५००,००० | २२१७५५५ | ५,५३९,८०० | ६०००००० |
| ११३१ ४ | भूमी कर/मालपोत | २१६,०१२ | – | | ३,१३७,५०० | ३२००००० |
| ११३२१ | घर बहाल कर | ६१४,७८५ | ६५०,००० | ३००३२७ | १,४७६,००० | १५००००० |
| ११३२२ | बहाल विटौरी (शुल्क) | | १,००० | | ३००,००० | ३००००० |
| ११३६२ | ओखटेपाहारमा लाग्ने कर (कवाडी कर) | | – | | – | |
| ११४५ १ | सवारी साधन कर ( अटो रिक्सा, इरिक्सा) | | – | | ७०,००० | ७५००० |
| १४१५ १ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | १००,००० | | १००००० | १००००० |
| १४२१ १ | कृषि उत्पादनको विक्रीबाट प्राप्त आय | १३५,८०० | – | | – | |
| १४२१ २ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम (लिलामी) | | – | | – | |
| १४२२ ४ | परिक्षा शुल्क | | १०,०० | | ५००० | ५००० |
| १४२२ ९ | अन्य प्रशासनिक सेवा शुल्क | १२२,४१५ | १००,००० | ५४२९० | ६०००० | ७०००० |
| १४२४ १ | पार्किङ्ग शुल्क | – | – | | – | |
| १४२४ २ | नक्सापास दस्तुर | ३९३,९२३ | ४००००० | २५७५४९ | ४,३८०,००० | ४४००००० |
| १४२४ ३ | सिफारिश दस्तुर (अन्य प्रमाणित समेत) | १,५९७,७६५ | १६००००० | १४२४६६१ | २,०००,००० | २५००००० |
| १४२४ ४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १३५,२०० | १५०००० | ३७२९५० | ५००००० – | ६००००० |
| १४२४ ५ | नाता प्रमाणित दस्तुर | ४७३,४०० | ५००,००० | ३३०७३७ | ५५०००० | ६००००० |
| १४२४ ९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | १२,७०९ | १,१००,००० | ११४७२७४ | १५००००० | १७००००० |
| १४२५ ४ | रेडियो/एफ.एम. संचालन दस्तुर | | १०००० | ० | १०००० | १०००० |
| १४२६ ५ | अन्य क्षेत्रको आय | ३१६,१८३ | ४८०० | ० | १००,००० | १००००० |
| १४३१ १ | न्यायिक दण्ड, जरिवाना र जफत | १,१२५ | १,००० | ० | २००० | २००० |
| १४३१ २ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | १,००० | ० | ५००० | ५००० |
| १४५२ ९ | अन्य राजश्व | ६२७,२९२ | २००००० | २०० | २५०००० | ३००००० |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | २०७८ फाल्गुन सम्मको प्रगति | आ.ब. २०७९/८० को अनुमान | आब २०८०/२०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| १४६११ | व्यावसाय कर | ६६८,९८७ | १००१००० | ४१६८०० | ११००००० | १२००००० |
| १५१११ | बेरुजु | | ५०,०० | ० | ५००० | ६००० |
| १४३१३ | धरौटी सदर श्याहा | | १००००० | १६७७१४ | २००००० | ३००००० |
| ३२१२१ | नगद | | | | | |
| ३२१२२ | बैंक मौज्दात | १२९,४०९,२७८ | ८४४७३७७५ | ० | १३०,०००,००० | १५०००००० |
| | **जम्मा राजश्व, अनुदान, सम्पत्ति तथा दायित्व** | **५९८०७१३७०** | **५६५३२९५७५** | **४९६३४७२६८** | **६६८५१५३००** | **७११६०८०००** |

*स्रोत: सरावल गाउँपालिकाबाट प्राप्त सवन्धित आ.व. को वित्तीय विवरण तथा वजेट*

*नोट: सरावल गाउँपालिकावाट प्राप्त विवरणलाई राजश्व संकेत वर्गिकरण तथा व्याख्याको आधारमा शीर्षक मिलान गरी प्रस्तुत गरिएको छ ।*

## २.५ सरावल गाउँपालिकाको राजश्व व्यवस्थापन

अध्ययनको क्रममा प्राप्त सूचन तथा जानाकारी, स्थलगत अवलोकन तथा सरोकारवाला संग गरिएको छलफलका आधारमा हेर्दा हाल सरावल गाउँपालिकाको राजश्व परिचालनको प्रशासनिक व्यवस्था देहाय अनुसार रहेको छ :

- राजश्व अनुमान तथा राजश्वका दरहरु निर्धारण गर्ने क्रममा स्थानीय राजश्व परामर्श समितिमा छलफल हुने गरेको ।
- आर्थिक प्रशासन शाखा अन्तर्गत एउटा राजश्व उप-शाखा रहेको ।उक्त उपशाखामा हाल प्रशासन सहायक स्तर ३ जना मात्र कार्यरत ।
- राजश्व संकलनका लागि सफ्फट्वेयर जडान भई गाउँपालिका केन्द्र तथा केही वडाहरुमा संचालनमा आएको । विद्युत आपूर्ति तथा इन्टरनेट पहुँचको कारण सम्पुर्ण वडाहरुबाट सफ्फट्वेयर मार्फत राजश्व संकलन हुन नसकेको ।
- वडा कार्यालयहरुले मालापोत कर, सम्पत्ति कर, व्यवसाय कर, घटना दर्ता विलम्ब शुल्क, सिफारिश तथा प्रमाणित दस्तुर बापतको रकम संकलन गर्ने गरेको ।

वडा कार्यालयहरुले संकलित रकम बैंक दाखिला गरि राजश्व संकलनको विवरण सहितको प्रतिवेदन आर्थिक प्रशासन शाखामा बुझाउने गरेको ।

- राजश्व बजेट तथा प्रतिवेदन प्रणाली संघीय सरकारले तोकेको ढाँचा (एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, महालेखा नियन्त्रक कार्यालय) अनुरुप भएको ।
- आर्थिक ऐनका प्रावधान र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- सम्पत्ति कर, मालपोत, व्यवसाय कर र घरजग्गा बहा ।

सरावल गाउँपालिकाको हालको राजश्व प्रशासन तथा परिचालनको उल्लेखित व्यवस्थालाई विश्लेषण गर्दा राजश्व व्यवस्थापन प्रणालीमा सुधारकोलागि निम्न कार्यहरु गर्नुपर्ने देखिन्छ :

- आर्थिक बर्ष शुरुहुनु भन्दा पहिले नै आर्थिक ऐन वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो अनुसार छुट सहुलियत तथा दण्ड जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- स्वीकृत आर्थिक ऐनको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीलाई अद्यावधिक गर्ने ।
- राजश्व सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्न कर सम्वन्धी प्रचार प्रसार सामग्री तयार गरी प्रचार गर्ने ।
- राजश्व उपशाखाको क्षमता विस्तार कम्तिमा ३ जना कर्मचारीको व्यवस्था गर्ने ।
- वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा पावर व्याकअपको पुर्ण व्यवस्था गर्ने ।
- राजश्व शाखामा काम गर्ने कर्मचारी तथा वडा सचिवहरुलाई राजश्व सफ्टवयर सञ्चालन तालिम दिने ।
- वडा सचिवले वडावाट उठेको रकम महिना समाप्त भएको पहिलो हप्ता भित्र अनिवार्य सरावल गाउँपालिकामा दाखिला गर्ने व्यवस्था गर्ने ।
- वडावाट संकलित रकम आय शीर्षक अनुसार छुट्याई गाउँपालिकामा दाखिला गर्ने ।
- निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय कर सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- राजश्व परामर्श समितिको कार्यविधि तर्जुमा गर्ने ।
- राजश्व परामर्श समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य वसी राजश्व संकलन अवस्थाको समिक्षा तथा राजश्व संकलन कार्यको अनुगमन गर्ने ।
- उत्कृष्ट करदातालाई सभावाट प्रत्येक बर्ष सम्मान गर्ने ।
- राजश्वको दर तथा असुली व्यवस्था समावेश गरी राजश्व सम्वन्धी नागरिक वडापत्र प्रकाशन गर्ने ।
- राजश्व रसिद नियन्त्रण प्रणाली, राजश्व चुहावट नियन्त्रण प्रणाली स्थापनाको लागि राजश्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउने ।

# भाग ३: सरावल गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार सरावल गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी कानूनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ( असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

**(क) स्थानीय तहको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- भूमिकर (मालपोत): सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- घर जग्गा बहाल कर:कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- व्यबसाय कर: व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- सवारी साधन कर: टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्याबसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत। (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यबसायमा। (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ)

**ई) बिक्री**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु। (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि। (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाशासंऐ)

**ऊ) प्रचलित कानून बमोजिम सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - *स्थानीय सहकारी संस्था*
  - *१०० वाट सम्मको एफएम रेडियो*
  - *घ वर्गको ठेक्का इजाजत*
  - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
  - *प्राविधिक शिक्षा तथा व्याबसायीक तालिम*
  - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
  - *ट्युसन, कोचिङ्ग*
  - *औषधि पसल*
  - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
  - *स्थानीय स्तरका व्यापारिक फर्म*
  - *स्थानीय तहका पत्र पत्रिका*
  - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
  - *स्थानीय स्तरका संघ संस्था*
  - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
  - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजश्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजश्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनको लागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

**(ग) राजश्व बाँडफाँड**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने ।

(आ) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने

(ई) विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम स्थानीय तहको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरीने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने

**(घ) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(ङ) वैदेशिक सहायतता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

संघीय तथा प्रदेश सरकारबाट प्रदान गरीने वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँट अन्तर्गत संकलित रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेशसरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरुबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको

छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकारक्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्:

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असूली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने (स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने (असविव्यऐ)
- कर वा गैर कर राजश्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजश्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजश्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ)

## ३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना

नगरपालिकालाई प्राप्तकानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यस भागमा नगरपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरु परिचालनको विद्यमान अवस्था, सम्भावनाको शिर्षगत् रुपमा विश्लेषण गर्दे प्रभावकारी परिचालनका उपायहरुको खोजी गरिएको छ।

### *३.२.१ कर राजश्व*

**(क) सम्पत्ति कर**

**हालको अवस्था:** सरावल गाउँपालिकाको आर्थिक ऐन २०७८ ले गाउँपालिका क्षेत्र भित्रको कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेका जग्गाहरु र निजको नाउँमा भएको संरचनाहरुको मूल्यांकन गरी मूल्यांकनको आधारमा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ ।

**संभाव्यता:** सरावल गाउँपालिकाबाट प्राप्त तथ्यांक अनुशार यस गाउँपालिका क्षेत्रमा करिब ८४११ वटा घरहरु रहेका छन् । विगत आ.व.हरुमा सम्पत्ति कर संकलनको अवस्था र दर्ता भएका घरधुरीको विश्लेषण गरि उक्त ८४११ घरहरुलाई ती घरले चर्चेको जग्गा र घरको बनौट तथा क्षेत्रफल अनुशार देहायअनुशार मुल्यांकनमा वर्गिकरण गरि सम्भाव्यता आंकलन गरिएको छ :

तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण

| क्र.सं. | हालको मूल्य अनुसार सम्पत्तिको वर्गिकरण | औषत मूल्यांकन | अनुमानित संख्या | औषत कर रकम | कुल सम्भाब्यता रु |
|---|---|---|---|---|---|
| १ | एक लाख देखि २ करोड सम्म | २०-२३०० | ८००० | १००० | ८०,००,०००।-<br>६०% ले उठाउदा ४८,००,०००।- |
| २ | २ करोड देखि | ०.२% | ४११ | ३००० | १२,३३,०००।-<br>६०% ले उठाउदा पनि ७,३९,८००।- |
| **जम्मा** | | | | | **५५,३९,८००** |

**सुधारका पक्षहरू:** सरावल गाउँपालिकाले विगतको  सम्पत्ति करको व्यवस्था अनुसार नै सम्पत्ति कर असुल गरी आएकोले आ.ब. २०७८।७९ देखि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार सम्पत्ति कर, घर र सो घरले चर्चेको जग्गामा लगाउने व्यवस्था भएको र बाँकी जग्गामा भूमिकर (मालपोत) लगाउने भनिएकोले सो व्यवस्थालाई यथासक्य छिटो कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावर थप जग्गा मात्र भनि ब्याख्या गरिएको छ । ऐनले सम्पत्ति कर नलाग्ने घरजग्गाको समेत ब्याख्या गरेकोले त्यसलाई समेत कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । सम्पत्ति करका सम्बन्धमा सरावल गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- आर्थिक ऐनको व्यवस्था अनुसार सम्पत्ति कर सफ्टवयरमा सुधार गर्ने ।
- सम्पत्ति कर व्यवस्थापनको लागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- सम्पत्ति कर असुल गर्ने सम्बन्धमा राजश्व उपशाखा तथा वडा कार्यालयका कर्मचारीहरुका लागि आवशयक तालिम तथा अभिमुखिकरण संचालन गर्ने ।
- सम्पत्ति करको दर पुनरावलोकन गरि आवश्यक परिमार्जन गर्ने

## ख. भूमि कर/मालपोत

**हालको अवस्था:** सरावल गाउँपालिकाले आर्थिक ऐन २०७८ मा मालपोतको दर निर्धारण गरेको छैन । संरचना तथा जग्गामा सम्पत्ति कर संकलन गर्ने प्रावधान अनुरुपनै  सम्पत्ति गरि संकलन गरिरहेको छ ।

**संभाव्यता:** हालसम्म व्यक्तिको स्वामित्वमा रहेको जग्गा तथा विभिन्न क्षेत्रगत रुपमा रहेका जग्गा सम्बन्धी यथार्थ तथ्यांक प्राप्त हुन नसकेकाले विगतमा सम्पत्ति कर संकलनका क्रममा प्राप्त तथ्यांकका आधारमा नै मालपोत संकलनको सम्भावना गणना गरिएको छ । सरावल गाउँपालिका क्षेत्रमा करिब ७१०० जनाको समित्वमा मालपोत योग्य जग्गा रहेको अनुमान छ । सरावल गाउँपालिकाले चालु आ.व. देखि जग्गाको मुल्यांकनको आधार (सम्पत्ति कर प्रयोजनमा लिइएको न्यूनतम मुल्यांकन नै मालपोतका लागि समेत प्रयोग हुने) मा मालपोत संकलन गर्ने नीति लिएकाले वार्षिक देहाय अनुरुपम मालपोत संकलनको सम्भावना देखिन्छ :

**तालिका २: भुमिकर (मालपोत) को सम्भाव्यता विवरण**

| क.सं. | जग्गाको मूल्य | औसत मुल्यांकन रकम | करदाताको संख्या | औषत कर रकम | कुल सम्भाव्यता रु |
|---|---|---|---|---|---|
| १ | १ करोड भन्दा बढी मूल्यांकन हुने जग्गा धनी | १ करोड २५ लाख | १०० | १००,००० | १०,००,००० |
| २ | ५० लाख देखि १ करोडसम्म मूल्यांकन हुने जग्गा धनी | ७५ लाख | ३०० | ५,००० | १५,००,००० |
| ३ | १० लाख देखी ५० लाखसम्म मूल्यांकन हुने जग्गा धनी | १५ लाख | १००० | २५० | २५०००० |
| ३ | १० लाख भन्दा कम मूल्यांकन हुने जग्गा धनी | ५ लाख | ६५०० | १२५ | ८१२५००० |
| जम्मा | | | ७१०० | | ३५६२५०० ६०% ले उठाउदा पनि २१३७५०० |

**सुधारका पक्षहरुः** स्थानीय सरकार सञ्चालन ऐनले सम्पत्ति करको दायरामा आउने वाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको छ । सरावल गाउँपालिकाले आ.व. २०७९/८० देखि भूमिकर (मालपोत) लागु गर्न निम्न कार्यहरु गर्नुपर्ने देखिन्छः

- सरावल गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिम करको दरलाई सफ्टवयर प्रणालीमा अद्यावधिक गर्ने ।
- वडा कार्यालयवाट प्रदान गरिने सिफारिशहरु मालपोत रकम भुक्तानी गरेपछि मात्र उपलब्ध गराउने व्यवस्था गर्ने ।
- सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने ।
- बाँझो जग्गामा लाग्ने मालपोत दर अन्यको तुलनामा बढी लिने गरी कानूनी व्यवस्था गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** सरावल गाउँपालिकाले आर्थिक ऐन २०७८ मा उल्लेख गर्दै सरावल गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, काराखाला, जग्गा पूरै वा आशिंक रुपमा बहाल लगाएमा घरधनी वार्षिक रुपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । सरावल गाउँपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन ।

**संभाव्यताः** आर्थिक गणना २०७८ अनुसार कूल ९३ व्याबसायिक प्रतिष्ठानहरु मध्ये करिव ४५ वटा व्यबसाय आफ्नो घरदेखि वाहिरको भवनमा रहेको देखिएको छ । त्यैगरि करिब २०५ वटा घरका कोठा तथा घरहरु घरयासी प्रयोजनामा बहालमा रहेको अनुमान छ । सरावल गाउँपालिकाको आ.व. २०७९/८० को आर्थिक ऐनले संगठित संघ संस्था, कम्पनी, कार्यालय तथा व्यवसायीक प्रयोजनलाई बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले र घरायसी प्रयोजनमा बहालमा दिएमा बहाल अंकको २ प्रतिशतका दरले वहाल कर निर्धारण गर्नु पर्ने देखिन्छ । यस अनुसार प्रचलित वहालमा लाग्ने रकमको आधारमा घरजग्गा बहाल करको सम्भाव्यता निम्न अनुसार अनुमान गरिएको छ ।

**तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | कुल संख्या | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत अनुमानित भाडा रकम | वार्षिक भाडा रकम | **घर बहाल कर** |
|---|---|---|---|---|---|---|
| १ | संघसंस्था,व्यावसाय र घरबासी प्रयोजनमा बस्नेहरू | २०५ | २०५ | १०००० | १२००० | |
| | | | | | | |
| | | | | | | |

**सुधारका पक्षहरूः** सम्पत्ति करको आधार र घरजग्गा बहाल करको करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आबद्ध गर्न आवश्यक देखिन्छ । घरजग्गा बहाल कर प्रणालीमा थप सुधारका लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- वहाल रकमवारे सूचना लिन घरजग्गा स्वयं घोषणा फाराम छपाई गर्ने ।

- घरजग्गा वहाल करको लगत संकलन तथा कर असुलीको लागि व्यवसाय कर टोलीको साथमा वहाल कर संकलन टोली खटाउने ।
- घरजग्गा वहाल करको लगत संकलन गरी अभिलेखन राख्ने र सफ्टवयरमा प्रविश्ट गर्ने ।
- घर जग्गा बहाल कर निर्धारणको लागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने ।
- बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसंग आबद्ध (Link)गर्ने ।

**घ. व्यबसाय कर**

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७७/७८ ले सरावल गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यबसाय र सेवामा व्यबसायहरुलाई व्यवसाय तथा सेवाका किसिमका आधारमा १० वटा क्षेत्रमा विभाजन गरेको छ भने उक्त क्षेत्रहरु अन्तर्गत्का व्यवसायहरुलाई समेत तीनिहरुको कारोबारको स्तर उनुशार थप उपक्षेत्रमा वर्गिकरण गरि करको दर निर्धारण गरेको थियो ।

**संभाव्यताः** यस सरावल गाउँपालिका क्षेत्रमा ११५० व्यासायिक प्रतिष्ठानहरु रहेको देखाउँदछ । सरावल गाउँपालिकाको आर्थिक ऐन २०७८ मा व्यवस्था गरेको करको दर अनुसार व्यबसाय करको सम्भाव्यता आँकलन गरिएको छ :

**तालिका ३ः व्यबसाय करको सम्भाव्यता विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | कृषि तथा वन संग सम्वन्धित ब्यवसाय | ५० | | |
| २ | उत्पादन उद्योग | १०० | | |
| ३ | निर्माण तथा खनिज उद्योग | ५० | | |
| ४ | थोक तथा खुद्रा ब्यापार | ७०० | | |
| ५ | यातायात, सूचना, संचार | २० | | |
| ६ | सबै प्रकारका होटल | १०० | | |
| ७ | वित्तिय संस्था तथा विमा | १० | | |
| ८ | शिक्षा | १० | | |
| ९ | स्वास्थ्य | १० | | |
| १० | अन्य | १०० | | |
| **जम्मा** | | **११५०** | **६२५** | |

**सुधारका पक्षहरूः** सरावल गाउँपालिकाको व्यबसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छः

- व्यवसाय करकोलागि व्यवसाय दर्ता गरी व्यवसाय प्रमाणपत्र दिन तथा व्यवसाय कर असुलीको लागि स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा व्यवसाय दर्ता तथा व्यवसाय कर संकलन टोलीहरु गठन गरी परिचालन गर्ने ।
- व्यवसाय करको अभिलेख सफ्टवयरमा इन्ट्री गरी लगत तयार गर्ने ।

- कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा करको दर पुनरावलोकन प्रस्ताव तयार गर्ने ।
- व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

### ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:** गाउँपालिकाले जडीबुटी, कवाडी तथा जिवजन्तु करवाट कर संकलन गर्ने सक्ने प्रावधान रहेको छ ।

**संभावना:** सरावल गाउँपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी रकम प्राप्त गर्न सकिन्छ ।

**सुधारका पक्षहरू:**

- कवाडी संकलन हुने स्थान र परिमाण जानाकारीका लागि तथ्यांक संकलन गर्ने ।
- कवाडीका प्रकृति अनुशार करको दर आर्थिक ऐनमा उल्लेख गर्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

### च. सवारी कर

**हालको अवस्था:** सरावल गाउँपालिकाले साना सवारीहरु (अटो रिक्सा, इरिक्सा) को मात्र सवारी कर लिन पाउने कानुनी प्रावधान रहेको छ । अन्य सवारीहरुको हकमा प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रकम प्राप्त हुने गरेको छ ।

**सम्भाव्यता:** सरावल गाउँपालिका क्षेत्रमा करिव २३५ वटा अटोरिक्साहरु संचालनमा रहेको अनुमान छ । सरावल गाउँपालिकाको आर्थिक ऐन २०७८।७९ ले यस्ता सवारीवाट वार्षिक ३५० कर लिने व्यवस्था गरेकोले यस शीर्षकवाट बार्षिक रु ७०,०००.आय हुने सम्भाव्यता देखिन्छ ।

### छ) विज्ञापन कर

**हालको अवस्था:** हालसम्म यो शिर्षकमा कुनै रकम संकलन भएको छैन ।

**संभावना:**

यस सरावल गाउँपालिकाको बजारक्षेत्रका केही स्थानमा विज्ञापन सामाग्री रहेका देखिन्छन् भने भविष्यमा विज्ञापन सामाग्रीको संख्या बढ्दै जाने अनुमान सहजै गर्न सकिन्छ । तत्काल विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानित रु.१००००० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका सामाग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ।३.२.२ गैर–कर राजश्व

**क) बहाल बिटौरी शुल्क**

**हालको अवस्था:**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । सरावल गाउँपालिकाले आर्थिक ऐन २०७८ मा आफ्नो क्षेत्र भित्रका सार्वजनिक स्थलमा वनेका घर, सटर, पसल, टहरामा वहाल विटौरी शुल्क लगाउने व्यवस्था भएतापनि दरका सन्दर्भमा प्रदेश कानुन बमोजिम हुने र कार्यपालिकाको निर्णय बमोजिम संकलन गरिने भनिएको छ । जुन पुर्ण रुपमा सरावल गाउँपालिकाको अधिकार क्षेत्र हो ।

**संभाव्यता:** सरावल गाउँपालिका क्षेत्रभित्रका पर्ति र सरकारी जग्गाहरुमा व्यक्तिहरुले संरचना वनाई पसल व्यवसाय तथा वसोवास गरेको पाइन्छ । मुख्यत: सरावल गाउँपालिकाको बजारको सडकको दायाँ वायाँ क्षेत्रमा सार्वजनिक स्थलको प्रयोग गरि घुम्ति पसहहरु तथा केही घर टहरा रहेको पाईन्छ । सरावल गाउँपालिकाको २०७८।७९ को आर्थिक ऐनले सार्वजनिक जग्गाको उपयोग गरी व्यवसाय वा वसोवासको लागि संरचना निर्माण गर्नेसंग वहाल विटौरी शुल्क लिने व्यवस्था गरको छ ।  यस शीर्षकवाट हुन सक्ने आम्दानीको निम्न अनुसार सम्भाव्यता देखिन्छ:

**तालिका ४: बहाल विटौरी शूल्कको सम्भाव्यता विवरण**

| क.सं. | सार्वजनि जग्गामा रहेको संरचनाको विवरण | संख्या | औसत शुल्क मासिक | आय सम्भावना (वार्षिक) |
|---|---|---|---|---|
| १ | घुम्ती पसल  संख्या | ५०० | ३५ | |
| २ | घर तथा टहरा संख्या | २०० | ३५ | |
| **जम्मा** | | | | ३००००० |

**सुधारका पक्षहरू:** सरावल गाउँपालिकाले वहाल विटौरी शुल्क लागु गरी आय आर्जन गर्नको लागि निम्न अनुसारको कार्य गर्नुपर्ने देखिन्छ ।

- सार्वजनिक जग्गा उपयोग गरी घर निर्माण भएका स्थानहरु र वनेका संरचनाहरुको तथ्यांक संकलकोलागि टोली खटाई अभिलेख खाता तयार गर्ने ।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन संभ्कौताको नमूना सहितको कार्यविधि तर्जुमा गर्ने ।
- वहाल विटौरी शुल्क असुलीको लागि छुट्टै रसिद छपाई गर्ने ।

**ग) ढुंगा, वालुवा तथा गिट्टी बिक्री**

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क ले सरावल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ  ।

**सुधारका पक्षहरू:**

- आय ठेक्का व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने ।
- सम्भाव्य स्थलहरुको प्रारम्भिक वातावरणिय परिक्षण गर्ने ।

- प्रारम्भिक वातावरणिय परिक्षणले तय गरेको परिमाण र बजार मागलाई मध्यनजर गरि आवश्यक स्थलको ठेक्का आव्हान गर्ने ।
- ठेक्का नलागेको अवस्था सरावल गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- निजी स्वामित्वमा रहेको जग्गावाट ढुङ्गा तथा गिट्टी बिक्री इजाजत दिनको लागि कार्यविधि तयार गर्ने ।

**घ) पार्किङ्ग शुल्क**

**हालको अवस्थाः**

केहि पनि व्यवस्था छैन । छलफल गरेर कतै खोज्न सकिन्छ कि ? (धान मिलहरु संग छलफल गरी सडकमा भएको अव्यवस्थीत पार्किङ्गलाई व्यवस्थीत बनाएर शुल्क उठाउन सकिन्छ की)

**ङ) नक्सापास दस्तुर**

**हालको अवस्थाः**

सरावल गाउँपालिका क्षेत्र भित्र घर बनाउन गाउँपालिकाबाट नक्सापास गर्नुपर्दछ यस सम्बन्धमा सरावल गाउँपालिकाको आर्थिक ऐनमा घरको किसिम र घर भएको स्थानको आधारमा नक्सापास दस्तुर निर्धारण गरिएको छ ।

**सम्भावनाः**

यस सरावल गाउँपालिकाको बजार क्षेत्रमा हालका दिनमा केही भवन निर्माणमा तीव्रता देखिएता पनि यो दर को छ । विस्तारै घट्दै जाने अनुमान छ । आगामी आ.ब.मा करिब ३६५० घर नक्सापासको दायरामा आउने **छन|**

**सुधारका पक्षहरूः**

नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।

**च) सिफारिश तथा प्रमाणित दस्तुर**

**हालको अवस्थाः**

सरावल गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरीआएको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम १०० देखि १६००० सम्म निर्धारण गरेको छ । सरावल गाउँपालिकाले वडा कार्यालयहरू तथा गाउँपालिकाबाट सेवाग्राहीलाई आवश्यक सिफारिश तथा प्रमाणित सेवा उपलब्ध गराउदै यस्तो दस्तुर संकलन गर्दछ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजश्व शाखामा दाखिला गर्ने गरेका छन्

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरणगरी दस्तुरका दर आवश्यक परिमार्जन गर्ने ।
- सिफारिश वा प्रमाणित प्रमाणपत्र चलानी गर्नुपुर्व दस्तुर संकलन गरेको एकीन गर्ने ।
- वडावाट संकलित दस्तुरहरूशीर्षक सहितको विवरण तयार गर्ने ।

# भाग ४: सरावल गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

यस भागमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको सरावल गाउँपालिकाको राजश्व सुधार कर्ययोजना प्रस्तुत गरिएको छ ।

सरावल गाउँपालिकाको राजश्व प्रणालीमा सुधार ल्याउन गर्नुपर्ने कार्यहरुको पहिचान गर्न सम्वद्ध मुख्य सरोकारपक्षहरुको सहभागीतामा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालाका सहभागीहरूवाट भएको समूह कार्यवाट राजश्व सुधारको लागि गर्नुपर्ने कार्यहरुको पहिचान गरी त्यसलाई प्लेनरीमा भएको प्रस्तुती माथि प्राप्त सुझावहरु समेतको आधार सुधारका लागि गर्नुपर्ने कार्यको सूची तयार गरिएको थियो । प्राविधिक टोलिका सहजकर्ताहरुद्वारा कार्यशालाबाट प्राप्त सुझावहरुका अतिरिक्त लक्षित समूह छलफल तथा अन्तरवार्ताहरुवाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई निम्न तीन क्षेत्रमाविभाजन गरिएको छ :

क. राजश्व प्रशासन सुधार योजना,

ख. कर राजश्व सुधार योजना र

ग. गैर कर राजश्व सुधार योजना ।

यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## तालिका १० राजश्व सूधार कार्ययोजना

मस्यौदा तयारी कार्यशाला मितिः .... २०७८

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| **(क) राजश्व प्रशासन सुधार कार्ययोजना** | | | | | |
| आर्थिक ऐन तथा सो को कार्यान्वयन सम्वन्धमा संलग्न कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | २०७९ को असार भित्र | | |
| स्वीकृत आर्थिक ऐनको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीलाई अद्यावधिक गर्ने । | सूचना अधिकृत<br>राजश्व प्रमुख | | श्रावण भित्र | श्रावण भित्र | श्रावण भित्र |
| आर्थिक बर्ष शुरुहुनु भन्दा पहिले नै आर्थिक ऐन वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो अनुसार छुट सहुलित तथा दण्ड जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउने । | प्रमुख प्रशासकीय अधिकृत | | २०७९ को असार भित्र | असार भित्र | असार भित्र |
| राजश्व उपशाखामा कर्मचारीको व्यवस्था गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | | २०७९ को असार भित्र | | |
| राजश्व सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्न कर सम्वन्धी प्रचार प्रसार सामग्री तयार गरी प्रचार प्रसार गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | २०७९ को असार भित्र | | |
| वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा पावर व्याकअपको व्यवस्था गर्ने । | सूचना अधिकृत तथा<br>जिन्सी शाखा | | २०७९ को असार भित्र | | |
| राजश्व शाखामा काम गर्ने कर्मचारी तथा वडा सचिवहरुलाई राजश्व सफ्टवयर सञ्चालन तालिम दिने । | सूचना अधिकृत तथा<br>राजश्व शाखा प्रमुख | | | श्रावण भित्र | |
| राजश्व सम्बन्धी डाटा नियमित रुपमा व्याकअप राख्ने व्यवस्था मिलाउने । | सूचना अधिकृत<br>राजव उपशाखा प्रमुख | | नियमित | नियमित | नियमित |
| वडा सचिवले वडावाट उठेको रकम महिना समाप्त भएको पहिलो हप्ता भित्र अनिवार्य गाउँपालिकामा दाखिला गर्ने व्यवस्था गर्ने । | आर्थिक प्रशासन तथा<br>राजश्व उप शाखा प्रमुख | | | श्रावण देखि | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| वडावाट संकलित रकम आय शीर्षक अनुसार छुट्याई गाउँपालिकामा दाखिला गर्ने । | राजश्व उप शाखा प्रमुख | | | भाद्र देखि | |
| निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय कर सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | | असार भित्र | |
| राजश्व परामर्श समितिको कार्यविधि तर्जुमा गर्ने । | राजश्व परामर्श समिति | कार्यपालिका | बैशाख सम्म | | |
| राजश्व परामर्श समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य वसी राजश्व संकलन अवस्थाको समिक्षा तथा राजश्व संकलन कार्यको अनुगमन गर्ने । | राजश्व परामर्श समिति | | नियमित | नियमित | नियमित |
| उत्कृष्ठ करदातालाई सभावाट प्रत्येक बर्ष सम्मान गर्ने । | राजश्व परामर्श समिति | गाउँ सभा | | असार | असार |
| राजश्वको दर तथा असुली व्यवस्था समावेश गरी राजश्व सम्वन्धी नागरिक वडापत्र प्रकाशन गर्ने । | राजश्व परामर्श समिति | कार्यपालिका | | श्रावण भित्र | श्रावण भित्र |
| राजश्व रसिद नियन्त्रण प्रणाली, लग बुक व्यवस्थापन, राजश्व चुहावट नियन्त्रण प्रणाली स्थापनाको लागि राजश्व परामर्श समितिको भूमिकालाई सुदृढ गर्ने । | राजश्व परामर्श समिति<br>राजश्व उपशाखा | | नियमित | नियमित | नियमित |
| **राजश्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | | | | |
| यस कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | नियमित | नियमित | नियमित |
| कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने । | राजश्व उप शाखा | नगर सभा | | असार भित्र | असार भित्र |
| आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जाने । | राजश्व उप शाखा<br>राजश्व परामर्श समिति | कार्यपालिका | चौमासिक | चौमासिक | चौमासिक |
| **ख) कर राजश्व सुधार कार्ययोजना** | | | | | |
| **सम्पत्ति कर** | | | | | |
| आर्थिक ऐनको व्यवस्था अनुसार सम्पत्ति कर सफ्टवयरमा सुधार गर्ने । | सूचना अधिकृत | | | श्रावण भित्र | श्रावण भित्र |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| सम्पत्ति कर व्यवस्थापनकोलागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने । | राजश्व उप शाखा प्रमुख तथा राजश्व परामर्श समिति | कार्यपालिका | | श्रावण भित्र | श्रावण भित्र |
| सम्पत्ति कर असुल गर्ने सम्बन्धमा राजश्व उपशाखा तथा वडा कार्यालयका कर्मचारीहरुका लागि आवशयक तालिम तथा अभिमुखिकरण संचालन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | असार भित्र | श्रावण भित्र | श्रावण भित्र |
| सम्पत्ति करको दर पुनरावलोकन गरि परिमार्जन गर्ने । | राजश्व परामर्श समिति | गाउँ सभा | | असार भित्र | असार भित्र |
| **भूमिकर (मालपोत)** | | | | | |
| सरावल गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिम करको दरलाई सफ्टवयर प्रणालीमा अद्यावधिक गर्ने । | सूचना अधिकृत | | | असार भित्र | असार भित्र |
| वडा कार्यालयवाट प्रदान गरिने सिफारिशहरु मालपोत रकम भुक्तानी गरेपछि मात्र उपलब्ध गराउने व्यवस्था गर्ने । | वडा सचिवहरु | | | श्रावण देखि | श्रावण देखि |
| सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने । | वडा सचिवहरु | | बैसाख देखि | श्रावण देखि | श्रावण देखि |
| बाँझो जग्गामा लाग्ने मालपोत दर अन्यको तुलनामा बढी लिने गरी कानुनी व्यवस्द्धा ागर्ने । | राजश्व परामर्श समिति | गाउँ सभा | | असार भित्र | असार भित्र |
| **घर जग्गा बहाल कर** | | | | | |
| वहाल रकमवारे सूचना लिन घरजग्गा स्वयं घोषणा फाराम छपाई गर्ने । | राजश्व तथा जिन्सी शाखा | | | भाद्र भित्र | |
| घरजग्गा वहाल करको लगत संकलन तथा कर अस'लीको लागि व्यवसाय कर टोलीको साथमा वहाल कर संकलन टोली खटाउने । | प्रमुख प्रशासकीय अधिकृत | | | असोज भित्र | |
| घरजग्गा वहाल करको लगत संकलन गरी अभिलेखन राख्ने र सफ्टवयरमा प्रविश्ट गर्ने । | राजश्व शाखा | | | कार्तिक देखि | |
| बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख | सूचना अधिकृत | | | श्रावण देखि | श्रावण देखि |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| प्रणालीसंग आबद्ध (Link) गर्ने । | | | | | |
| **व्यबसाय कर** | | | | | |
| व्यवसाय करको लागि व्यवसाय दर्ता गरी व्यवसाय प्रमाणपत्र दिन तथा व्यवसाय कर असुलीको लागि स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा व्यवसाय दर्ता तथा व्यवसाय कर संकलन टोलीहरु गठन गरी परिचालन गर्ने । | राजश्व उप शाखा तथा प्रमुख प्रशासकीय अधिकृत | | | असोज भित्र | असोज भित्र |
| व्यवसाय करको अभिलेख सफ्टवयरमा इन्ट्री गरी लगत तयार गर्ने । | राजश्व उप शाखा | | | असोज देखि | असोज देखि |
| कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा करको दर पुनरावलोकन प्रस्ताव तयार गर्ने । | राजश्व शाखा तथा राजश्व परामर्श समिति | गाउँ सभा | | असार भित्र | असार भित्र |
| व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने । | राजश्व शाखा तथा राजश्व परामर्श समिति | कार्यपालिका | | मंसिर भित्र | मंसिर भित्र |
| **कवाडी कर** | | | | | |
| कवाडी संकलन हुने स्थालन र परिमाण जानाकारीका लागि तथ्यांक संकलन गर्ने । | राजश्व उप शाखा | | | असार भित्र | असार भित्र |
| कवाडीका प्रकृति अनुशार करको दर आर्थिक ऐनमा उल्लेख गर्ने । | राजश्व उप शाखा तथा राजश्व परामर्श समिति | गाउँ सभा | | असार भित्र | असार भित्र |
| कवाडी वस्तुहरुको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने । | राजश्व उप शाखा | कार्यपालिका | | श्रावण देखि | श्रावण देखि |
| **विज्ञापन कर** | | | | | |
| विज्ञापनका सामाग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने । | राजश्व उप शाखा | | | पौष भित्र | पौष भित्र |
| संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने । | राजश्व उप शाखा तथा | गाउँ सभा | | असार भित्र | असार भित्र |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| | राजश्व परामर्श समिति | | | | |
| न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने । | राजश्व उप शाखा | कार्यपालिका | | असार भित्र | असार भित्र |
| **(ग) गैर कर राजश्व सुधार कार्ययोजना** | | | | | |
| **बहाल बिटौरी शुल्क** | | | | | |
| सार्वजनिक जग्गा उपयोग गरी घर निर्माण भएका स्थानहरु र वनेका संरचनाहरुको तथ्यांक संकलकोलागि टोली खटाई अभिलेख खाता तयार गर्ने । | राजश्व शाखा | | | असार भित्र | असार भित्र |
| सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन संझौताको नमूना सहितको कार्यविधि तर्जुमा गर्ने । | राजश्व शाखा तथा राजश्व परामर्श समिति | कार्यपालिका | | असार भित्र | असार भित्र |
| वहाल विटौरी शुल्क असुलीको लागि छुट्टै रसिद छपाई गर्ने । | जिन्सी शाखा | | | असार भित्र | असार भित्र |
| **सम्पत्ति वहाल** | | | | | |
| सम्पत्ति परिचालन तथा आय असुली कार्यविधि तर्जुमा गरी लागु गर्ने । कार्यविधि बनाउनुपर्ने क्षेत्र : नगर वस, जे.सि.वि., एम्बुलेन्स, टिप्पर | राजश्व परामर्श समिति | कार्यपालिका | | असार भित्र | असार भित्र |
| | | | | असार भित्र | असार भित्र |
| बहालमा लगाउन सकिने सम्पुर्ण सम्पत्तिहरुको बहाल दर बजार मुल्य अनुरुप परिमार्जन गरि आर्थिक ऐनमा उल्लेख गर्ने । | राजश्व उप शाखा तथा राजश्व परामर्श समिति | गाउँ सभा | | असार भित्र | असार भित्र |
| **ढुङ्गा तथा गिट्टी बिक्री** | | | | | |
| आय ठेक्का व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने । | राजश्व परामर्श समिति | कार्यपालिका | बैशाख भित्र | बैशाख भित्र | बैशाख भित्र |
| सम्भाव्य स्थलहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने । | प्राविधिक शाखा राजश्व उप शाखा | कार्यपालिका | | असार भित्र | असार भित्र |
| प्रारम्भिक वातावरणीय परीक्षणले तय गरेको परिमाण र बजार मागलाई मध्यनजर गरि आवश्यक स्थलको ठेक्का आव्हान गर्ने । | राजश्व उप शाखा | | | श्रावण भित्र | श्रावण भित्र |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| ठेक्का नलागेको अवस्था गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने । | राजश्व उपशाखा | कार्यपालिका | | श्रावण भित्र | श्रावण भित्र |
| सरावल गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई आर्थिक ऐनको प्रावधान अनुरुप कारबाही गर्ने । | राजश्व उपशाखा<br>राजश्व परामर्श समिति | | नियमित | नियमित | नियमित |
| निजी स्वामित्वमा रहेको जग्गावाट ढुङ्गा तथा गिट्‌टी बिक्री इजाजत दिनको लागि कार्यविधि तयार गर्ने । | राजश्व परामर्श समिति | कार्यपालिका | | असार भित्र | असार भित्र |
| **पार्किङ्ग शुल्क** | | | | असार भित्र | असार भित्र |
| सवारी साधनहरुलाई अनिवार्य पार्किङ्ग गर्नुपर्ने व्यवस्था गरि सडक क्षेत्रमा जथाभावी पार्किङ्ग गर्न निरुत्साहीत गर्ने । | राजश्व परामर्श समिति | कार्यपालिका | | असार भित्र | असार भित्र |
| | | | | | |
| पार्किङ्ग स्थलमा सहजता ल्याउने र सोही अनुरुप ठेक्का निर्धारण गर्ने । | राजश्व उप शाखा | | | असार भित्र | असार भित्र |
| **नक्सापास दस्तुर** | | | | | |
| नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने । | प्राविधिक शाखा<br>कार्यपालिका | | नियमित | नियमित | नियमित |
| घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने । | राजश्व परामर्श समिति | गाउँ सभा | | कार्तिक भित्र | कार्तिक भित्र |
| **अन्य दस्तुरहरु** | | | | | |
| सहकारी दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने । | विषयगत शाखा | कार्यपालिका | असार भित्र | असार भित्र | असार भित्र |
| स्वास्थ्य संस्था तथा औषधि पसल दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने । | जनस्वास्थ्य शाखा | कार्यपालिका | असार भित्र | असार भित्र | असार भित्र |
| वडा कार्यालयवाट संकलन भएको रकम शीर्षक खोली तोकिएको समयमा | आर्थिक प्रशासन तथा | | नियमित | नियमित | नियमित |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| दाखिला गर्न वडा सचिवलाई जिम्मेवार वनाउने । | राजश्व उप शाखा | | | | |
| विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण तथा पुनरावलोकन गरि दस्तुरका दर आवश्यक परिमार्जन गर्ने । | राजश्व परामर्श समिति | गाउँ सभा | असार भित्र | असार भित्र | असार भित्र |

# भाग ५: आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि सरावल गाउँपालिकाको राजश्व प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको हो । सरावल गाउँपालिकाको राजश्व अधिकार, हालको आय संकलन अवस्था तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले सरावल गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## ५.१ राजश्व प्रक्षेपणको आधार

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजश्व सुधार कार्ययोजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूले पार्नसक्ने प्रभावको आधारमा गरिएको छ । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शीर्षकगत रुपमा तल व्याख्या गरिएको छ ।

तालिका ११: आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपणका आधारहरू

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.०७८।७९ मा कूल सम्भाव्यता (रु.) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | **संघीय सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७८।७९ मा संघीय सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१२ | सशर्त अनुदान चालु | | |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | | |
| १३३१छ | विशेष अनुदान पूँजीगत | | |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | |
| | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७८।७९ मा प्रदेश सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१२ | सशर्त अनुदान चालु | | |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | | आ.व. २०७८।७९ मा प्रदेश सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | आ.व. २०७८।७९ मा प्रदेश सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.०७८।७९ मा कूल सम्भाव्यता (रु.) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | अनुदान | | |
| | **राजश्व बाँडफाट** | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | | आ.व. २०७८।७९ मा संघीय सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त:शुल्क | | |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | आ.व. २०७८।७९ मा प्रदेश सरकार बाट प्राप्त सिलिङ्ग र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | |
| | **आन्तरिक स्रोत** | | माथि प्रक्षेपण **गरिएको छ** |
| ११३१३ | एकीकृत सम्पत्ति कर ( *सम्पत्ति कर)* | | |
| ११३१४ | भूमि कर/मालपोत | | |
| ११३२१ | घर बहाल कर | | |
| ११३२२ | बहाल बिटौरी कर (शुल्क) | | |
| ११३६२ | ओखटेपाहारमा लाग्ने कर (कवाडी कर) | | |
| ११४५१ | सवारी साधन कर (अटो रिक्सा, इरिक्सा) | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय ( सम्पत्ति भाडा) | | |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | | |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (फाराम, घरनम्वर प्लेट, पुस्तक, नक्सा आदि) | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, काठ बिक्री समेत) | | |
| १४२२१ | न्यायिक दस्तुर | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.०७८।७९ मा कूल सम्भाव्यता (रु.) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| १४२४२ | नक्सापास दस्तुर | | |
| १४२४३ | सिफारिश दस्तुर ( प्रमाणित समेत) | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | |
| १४३१३ | धरौटी सदरस्याहा | | |
| १४५२९ | अन्य राजश्व | | |
| १४६११ | व्यबसाय कर | | |
| १५१११ | बेरुजु | | |

# भाग ६: निष्कर्ष तथा सुझावहरु

## ६.१ सरावल गाउँपालिकाको आय संक्षेपमा

संकलित तथ्यांक, सूचनाको विश्लेषण तथा राजश्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएको कृयाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्येनजर गरी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षका लागि राजश्व प्रक्षेपण गरिएको हो । सारांशमा गत आ.व.को यथार्थ आय, चालु आ.व.को अनुमान र आगामी तीन आ.व.हरुमा हुने आय संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका१२ प्रक्षेपित आय संरचना (राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनको आधारमा)**

| क.सं. | राजश्व शिर्षक | यथार्थ | चालु वर्षकव अनुमान | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/०८१ |
| क. | आन्तरिक आय र<br>गत वर्षको मौज्दात | १३७७३२२२८ | ९३८९८५७५ | १५११८०३०० | १७२९७३००० |
| ख. | राजश्व बाँडफाँड | ९५०५७५२२ | ९१९६४००० | १०७८३५००० | ११०१३५००० |
| ग. | अनुदान | ३६५२८१६२० | ३७९४६७००० | ४०९५००००० | ४२८५००००० |
| | **जम्मा** | **५९८०७१३७०** | **५६५३२९५५७** | **६६८५१५३००** | **७११६०८०००** |
| क. | आन्तरिक आयको योगदान (प्रतिशत) | १.४० | १.६७ | ३.१७ | ३.२३ |
| ख. | राजश्व बाँडफाँडको योगदान (प्रतिशत) | १५.९० | १६.२७ | १६.१३ | १५.४८ |
| ग. | अनुदानको यागदान ( प्रतिशत) | ६१.१० | ६७.१२ | ६१.२६ | ६०.२२ |
| घ | गत बर्सको मौज्दात | २१.६० | १४.९४ | १९.४४ | २१.०७ |

उल्लेखित तालिका अनुशार सरावल गाउँपालिकाको कुल आय संरचनामा आन्तरिक आयको हिस्सा बढ्दो क्रममा देखिन्छ । आगामी आ.व.हरुमा कुल आय बढ्दै जादा आन्तरिक आयको योगदान पनि बढ्दै जानुलाई राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन भएमा हुन सक्ने सकारात्मक परिणामलाई लिन सकिन्छ ।

## ६.२ सरावल गाउँपालिकाको आन्तरिक आय

राजश्व सुधार योजनाको कार्यान्वयन भई आन्तरिक आय परिचालनमा सुधार आउदा आगामी आ.व०७९/०८०.मा सरावल गाउँपालिकाले रु.२११८०३०० र आ.व०८०/ ०८१ मा २२९७३००० आन्तरिक आय संकलन गर्ने अनुमान गरिएको छ ।

## ६.३ राजश्व प्रशासन सुधारका प्राथमिकताहरु

सरावल गाउँपालिकाको आन्तरिक आय संकलनमा सुधार ल्याउनका लागि आयका मुख्य स्रोतहरुमा विशेष ध्यान दिनुका साथै राजश्व प्रशासन प्रणालीमा सुधार ल्याउन जरुरी हुन्छ । राजश्व सुधार कार्ययोजनाको आधारमा गाउँपालिकाले ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

**सम्पत्ति कर तथा मालपोत संकलन प्रणालीमा सुधारः** सरावल गाउँपालिकाको अनुमानित आन्तरिक आयको करिव ॥। प्रतिशत हिस्सा यी दुई करले ओगट्ने देखिन्छ । दुबै कर प्रणालीमा सुधारका लागि आर्थिक ऐनले गरेको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीमा सुधार गरी सम्पत्तिको विवरण संकलन गरी कर असुली प्रणाली स्थापना गर्न जरुरी देखिन्छ । वडा कार्यालयहरुमा इन्टरनेट र भौतिक पूर्वाधारको स्थापना गरी सम्पत्ति कर संकलन कार्य वडा कार्यालयहरुवाट गर्नको लागि वडा सचिवहरुलाई तालिम दिई क्रमशः जिम्मेवारी हस्तान्तरण गर्दै जान आवश्यक देखिन्छ ।

**वहाल विटौरी शुल्कः सरावल गाउँ**पालिका क्षेत्रमा रहेका ऐलानी तथा पर्ति जग्गाहरुमा व्यक्तिले घर निर्माण गरी वसोवास तथा पसल व्यवसाय गरेका पाईन्छ तर गाउँपालिकाले निजहरुवाट कुनै शुल्क लिएको देखिदैन । सरावल गाउँपालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम शुल्क संकलन गर्न लगत तयार गरी वडा कार्यालय समेतको सहभागितामा बहाल विटौरी शुल्क संकलन कार्यको शुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ ।

**व्यवसाय तथा घरजग्गा वहाल करः** सरावल गाउँपालिकाले हालसम्म व्यवसाय करको लागि व्यवसायहरु दर्ता गरी कर संकलन गरेको देखिदैन । गाउँपालिकाले स्थानीय उद्योग वाणिज्य संघसंगको सहकार्यमा टोली निर्माण गरी व्यवसाय दर्ता तथा कर संकलन अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले व्यवसाय कर संकलन गर्ने क्रममा घरजग्गा वहाल करको समेत लगत तयार गरी संकलन कार्यको शुरुवात गर्नुपर्ने देखिन्छ ।

**राजश्व संकलन कार्यविधिहरुको तर्जुमाः** राजश्व संकलन कार्यलाई ब्यवस्थित गर्न तथा एकरुपताका लागि आयका मुख्य स्रोतहरु जस्तो सवारी साधन संचालन तथा व्यवस्थापन, सम्पत्ति कर, वहाल विटौरी शुल्क, निजी जग्गावाट प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी) को बिक्री, व्यबसाय कर आदिको विवरण संकलन, मूल्यांकन, कर निर्धारण, अभिलेख व्यवस्था, सहुलियत, जरिवाना, खारेजी आदि कार्यको प्रक्रियागत स्पष्टताका लागि कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

**छुट तथा जरिवानको कार्यान्वयनः** चालु आर्थिक बर्ष देखि सरावल गाउँपालिकाको आर्थिक ऐनले गरेको छुट तथा जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउन सफ्टवयर प्रणालीमा सुधारका साथै वडा कार्यालयहरु जानकारी गराई सो अनुसार व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**जनचेतना मूलक कार्यक्रम तथा राजश्व परीक्षणः** सरावल गाउँपालिकाले व्यवस्था गरे बमोजिम कर संकलन व्यवस्था तथा छुट तथा जरिवानाबारे जनतामा सूचना प्रवाह गर्न जनचेतना नागरिक वडापत्र तथा प्रचार प्रशार कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । राजश्व संकलन हुने स्थानहरुमा राजश्वको अभिलेख सही रुपमा राखिएको, सही तरिकाले कर तथा शुल्क निर्धारण भएको, बक्यौताको अभिलेख सही तरिकाले राखिएको, सही तरिकाले राजश्व संकलन भएको, संकलित राजश्व सम्वन्धित खातामा सही रुपमा कार्यालयमा दाखिला भएको जस्ता विषयलाई यकीन गर्न राजश्व परीक्षणको भूमिका महत्वपूर्ण हुन्छ । सरावल गाउँपालिकाको राजश्व संकलन कार्यमा बडाहरुवाट समेत राजश्व संकलन हुने भएकोले जनचेतना मूलक कार्यक्रम सञ्चालन र राजश्व परीक्षणमा राजश्व परामर्श समितिको अग्रसरतामा राजश्व परीक्षण सुदृढ हुन आवश्यक देखिन्छ ।

## ६.४ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन

सहभागीतात्मक पद्धति अपनाई तर्जुमा गरिएको तालिका नं.१० मा दिइएको राजश्व सुधार कार्ययोजना कार्यान्वयनका लागि गाउँपालिकाले राजश्व सुधार कार्यक्रमलाई ब्यय वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ । कार्ययोजनामा उल्लेख भएको कार्य सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरे बमोजिमको आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजश्व सुधार कार्ययोजना अन्तर्गतका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुबाट पनि सहयोग लिन सकिन्छ । सरावल गाउँपालिकाको आफ्नो वार्षिक योजना तथा बजेटमा राजश्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालनका लागि बजेट व्यवस्था गर्न आवश्यक देखिन्छः

- राजश्व कम्प्युटर सफ्टवर प्रणालीमा सुधार, मर्मत तथा संचालन तालिम
- कार्यालयको राजश्व शाखा तथा वडाहरुलाई आवश्यक पर्ने इन्टरनेट, उपकरण तथा सामग्रीहरुको व्यवस्था
- मुख्य आयका स्रोतहरुको व्यवस्थापनको लागि कार्यविधिहरु तर्जुमा
- कर शिक्षा कार्यक्रम तथा कर संकलन टोली परिचालन
- वडाका कर्मचारीहरुको क्षमता विकास
- राजश्व संकलनको अनुगमन तथा राजश्व परीक्षण ।

***अन्त्यमा,*** उल्लेख गरिए अनुसार सरावल गाउँपालिकाको राजश्व प्रशासन लाई थप व्यवस्थित तथा प्रभावकारी बनाउदै प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा तत्काल सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन् :

- *राजश्व असुलीको अनुगमन कार्यमा राजश्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।*
- *आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।*
- *कर असुली व्यवस्था ब्यवस्थित गरी कम्प्यूटरीकृत अभिलेख तयार गर्ने ।*
- *घरवहाल कर तथा ब्यवसाय करलाई प्रभावकारी कार्यान्वयन गर्ने ।*
- *बहाल विटौरी शुल्कको सम्भावनालाई मध्यनजर गर्दै सो को परिचालनमा जोड दिने ।*
- *प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री सम्वन्धी वार्षिक ठेक्कालाई समयवद्ध र नियमित गर्ने ।*

सरावल गाउँपालिकालाई प्राप्त राजश्व अधिकारहरुमध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजश्व प्रशासनलाई त्यस अनुरुप पारदर्शी र जवाफदेही बनाउनुपर्ने देखिन्छ ।

## अनुसूची-१: अभिमुखिकरणमा सहभागिहरुको नामावली

आज मिति २०७८/१०/४ गते सरावल गाउँ पालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गाउँ कार्यपालिकाका पदाधिकारी र कर्मचारी हरु लाई राजश्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण एवं तालिम गाउँपालिकाको अध्यक्षज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थिति मा सम्पन्न भयो।

उपस्थिति

अध्यक्ष राधेश्याम चौधरी

उपाध्यक्ष उमा राय थारु

प्रमुख प्रशासकीय अधिकृत बुद्ध प्रकाश पौडेल

| | | | |
|---|---|---|---|
| १. | नाम | पद | हस्ताक्षर |
| २. | सरस्वती शर्मा | वडा सचिव वडा नं. १ | सरस्वती |
| ३. | दीपकमणि गुप्ता | सम्पत्तिकर सहायक वनकट्टा | |
| ४. | अशोक कुमार पाण्डेय | वडा सचिव ४ ८ ५ | |
| ५. | सुनिता हरिजन | का. सदस्य | सुनिता |
| ६. | हिमा देवी चौधरी | का. सदस्य | हिमा |
| ७. | नरेन्द्र प्रसाद चौधरी | कार्यवाहक वडा अध्यक्ष | |
| ८. | बिन्दा देवी धोबी | का.पा. सदस्य | बिन्दा |
| ९. | नरेश कोहार | लेखा शाखा | |
| १०. | अमरेन्द्र कमल यादव | वडा सचिव | |
| ११. | राजन बल्याल | योजना शाखा | |
| १२. | किशमाया राय थारु | राजस्व शाखा | किशमाया |
| १३. | बाल मुकुन्द चौधरी | स्वकीय सचिव गा.पा. अध्यक्ष | |
| १४. | अनिता कु. सदानी | लेखा शाखा | |
| १५. | सोनिया चौधरी | का.स | सोनिया |
| १६. | रञ्जिता चौधरी | का.स | |
| १७. | आनन्द नाथ [illegible] | | |

DATE:

| | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | चन्द्रा देवी चौधरी | कार्य पालिका सदस्य | [illegible] |
| १९ | जोखु प्रसाद गौंड | " " | [illegible] |
| २० | सन्त कुमारी चौधरी | उ.नि.वड कारमिक | [illegible] |
| २१ | गोरख प्रसाद शर्मा | प्रशिक्षक | [illegible] |
| २२ | रामत कुमार गोले | नलट पाल उपाध्यक्ष सचिव | [illegible] |
| २३ | आनुमक वत नगाड | " " " " | Alami |
| २४. | | | |
| २५. | | | |

८ गते हाम्रो दिनको उपस्थिति

DATE:

अध्यक्ष राधेश्याम चौधरी
उपाध्यक्ष उमा राय
प्रमुख प्रशासकीय अधिकृत
बुद्ध प्रकाश पौडेल

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | बाल मुकुन्द चौधरी | स्वकीय सचिव गा.पा. अध्यक्ष | [signature] |
| २. | अशोक कुमार पाण्डेय | सचिव वडा नं. ४,५,६ | [signature] |
| ३. | दीपकमणि गुप्ता | सामाजिक सञ्जाल... | [signature] |
| ४. | धिरेन्द्र नाथ ... | वडा अध्यक्ष | [signature] |
| ५. | जोखु प्रसाद गौड | स्यराबन गा.पा. को वडा सदस्य | [signature] |
| ६. | सुनिता हरिजन | कार्यपालिका सदस्य | सुनिता |
| ७. | चन्दा देवी चौधरी | कार्यपालिका सदस्य | [signature] |
| ८. | हिरा देवी चौधरी | का.पा.स. | [signature] |
| ९. | विष्णुमाया राजवाहक | राजस्व शाखा | [signature] |
| १०. | इन्द्र कमल यादव | इ. नं. सचिव | [signature] |
| ११. | गोविन्द प्रसाद शर्मा | लेखापाल | [signature] |
| १२. | सोनिया चौधरी | का.स | सोनिया |
| १३. | बसन्ती कुमारी चौधरी | उ.के.का. सचिव | [signature] |
| १४. | भानु भक्त बल | तमाङ - अल नेपाल कन्सल्टेन्सी | [signature] |
| १५. | नरेश कोहार | | [signature] |
| १६. | | | |
| १७. | | | |
| १८. | | | |
| १९. | | | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |
| २३. | | | |
| २४. | | | |

## अनुसूची-२: ऐन कानुनमा भएका अधिकारहरु

### स्थानीय तहको राजस्व स्रोत

- ✓ कर
- ✓ सेवा शुल्क
- ✓ दस्तुर
- ✓ महशुल
- ✓ वहाल आय
- ✓ बिक्री
- ✓ विविध

### कर

- सेवा तथा सुविधाहरु (सार्वजनिक वस्तुहरु) उपलब्ध गराउनको लागि जुटाईने रकम
  - कानुन बमोजिम सरकारलाई तिर्नुपर्ने अनिवार्य भुक्तानी
  - सार्वजनिक उद्देश्य हासिल गर्न रकम जुटाउने माध्यम
  - करको भार सामर्थ्यमा आधारित
  - करबाट उठेको रकम खर्च गर्दा कुनै विषेश करदाताको लाभतर्फ ध्यान दिईदैन ।

8/6/2021 FOOTER GOES HERE 3

## सेवा शुल्क, महशुल तथा दस्तुर

- सेवा तथा सुविधाहरु (निजी वस्तुहरु) उपलब्ध गराए बापत लिईने रकम
  - **सेवा शुल्क**: सेवा उपलब्ध गराए बापत लिईने रकम ।
  - **महशुल**: युटिलिटी बापत प्रयोगको आधारमा लिईने रकम ।
  - **दस्तुर**: नियमन गरिदिए बापत लिईने रकम ।



## करका आधारहरु

क. सम्पत्ति

– भवन तथा जग्गा



ख. आम्दानी

– घर जग्गा बहाल



ग. वस्तु वा सेवा

– मनोरंजन

– विज्ञापन

– सवारी साधन

– व्यवसाय

– जडीबुटी, कवाडी जीवजवन्तु

## राजश्व सुधारका क्षेत्र

- दायरा
- दर
- व्यवस्थापन



8/6/2021

## करको दरनिर्धारण प्रकृया

- समान (Equal) दर
- प्रगतिशिल (Progressive) दर
- अनुदारवादी (Regressive) दर

## करको दरनिर्धारण प्रकृया

| मूल्यांकन अंक | समानदर | | प्रगतिशील दर | | अनुदारवादी | |
|---|---|---|---|---|---|---|
| | करको दर | जम्मा | करको दर | जम्मा | करको दर | जम्मा |
| ४० लाख | ०.०५% | २००० | ०.०७% | २८०० | ०.०३% | १२०० |
| २० लाख | ०.०५% | १००० | ०.०५% | १००० | ०.०५% | १००० |
| ५ लाख | ०.०५% | २५० | ०.०३% | १५० | ०.०७% | ३५० |
| कुल कर राजश्व | | ३२५० | | ३९५० | | २५५० |



## राजस्वको दररेट निर्धारण गर्दा विचार गर्नुपर्ने पक्षहरु

- कानूनी व्यवस्था
- शुरुमा करको दायरामा ल्याउनको लागि न्यून दरवाट असुली
- प्रगतिशील करको दर
- सेवाको लागत असुली हुने गरी शुल्कको दर निर्धारण
- जनताको कर तिर्न सक्ने क्षमता तथा सुविधाको स्तर
- विगतको मूल्यांकन र कर तथा शुल्कको दर
- प्रशासनिक सहजता
- व्यवसायलाई प्रतिकुल प्रभाव नपार्ने ।

## राजस्व प्रशासनकाचरणहरु

- **पहिचान**:करदाता तथा करलाग्ने आधारको पहिचान
- **मूल्यांकन**:कर लाग्ने आधारको मूल्य वा क्षेत्रफल निर्धारण (सम्पत्ति, कारोवार, आय, विक्री आदि)
- **कर निर्धारण**: कर लाग्ने आधारको मूल्य वा क्षेत्रफलको आधारमा नगरपालिकाले निर्धारण गरेको दर अनुसार कर रकम निर्धारण तथा अभिलेख
- **बिलिङ्ग**:सम्बन्धीत कर दातालाई कर रकमको जानकारी दिने र अभिलेख राख्ने
- **संकलन**: कर संकलन तथा सो को अभिलेख ।

8/6/2021 FOOTER GOES HERE 11

## राजस्व प्रशासन सुधारका उपायहरू

- **उत्प्रेरणात्मक**
  - सरल र पारदर्शिराजस्व प्रशासन
  - सूचना प्रविधिको उपयोग
  - राजस्व सम्वन्धी कानूनमा स्थायित्व
  - करदाता शिक्षा तथा सचेतना अभियान
  - करदाताहरु प्रतिको व्यवहार मर्यादित र सम्मानजनक
  - कर छुट तथा सहुलियतलाई यथार्थ परक र पारदर्शिता




8/6/2021

## राजस्व प्रशासन सुधारका उपायहरू

- **दण्डात्मक**
  - –कर नतिरेमा कारवाही हुन्छ भन्ने भावना ल्याउने
  - –कर परीक्षण र अनुगमन प्रणाली स्थापना
  - –दण्ड सजाएलाई निश्पक्ष, न्यायोचित, व्यवहारिक र प्रभावकारी वनाउने ।



8/6/2021

## अनुसूची-३: कार्यशालमा का प्रस्तुति

### राजस्व अधिकार सम्वन्धी संवैधानीक व्यवस्था

**संघ**
- पर्यटन शुल्क
- प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी
- सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना
- भंसार
- अन्तशुल्क
- मुल्य अभिबृद्धि कर
- संस्थागत, ब्यक्तिगत आय कर
- परिश्रमिक कर
- राहदानी शुल्क
- भिसा शुल्क
- पर्यटन दस्तुर

**प्रदेश**
- पर्यटन शुल्क
- प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी
- सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना
- विज्ञापन कर
- मनोरंजन कर
- सवारी साधन कर
- घरजग्गा रजिश्ट्रेशन शुल्क
- कृषि आयमा कर

**स्थानीय**
- पर्यटन शुल्क
- प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी
- सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना
- विज्ञापन कर
- मनोरंजन कर
- सवारी साधन कर
- घरजग्गा रजिश्ट्रेशन शुल्क
- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घरजग्गा वहाल कर
- ब्यवसाय कर

8/7/2021 FOOTER GOES HERE 2

### १. सम्पत्ति कर

- गाउँपालिकोलेआफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सक्ने ।
- सम्पत्ति कर लगाउँदा घर र सोघरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने
- "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरकोथप जग्गासम्म पर्ने
- घर जग्गाको मूल्यांकनका आधारहरु देहाय बमोजिम हुने :
  - घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,
  - घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,
  - घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

8/7/2021 FOOTER GOES HERE 4

## १. सम्पत्ति कर

- सम्पत्ति करको दरनिर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताकाआधारमा गर्नुपर्ने ।
- सम्पत्ति कर नलाग्ने
  - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,
  - सरकारी अस्पतालको घर र घरजग्गा,
  - गुठीको स्वामित्वमा भएको घर र घरजग्गा,
  - मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,
  - मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,
  - धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,
  - खानेपानी संकलन पोखरी, विद्युतगृह, विमानस्थल, रंगशाला जस्ता सार्वजनिक उपयोगका स्थलहरु,
  - राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।



## १. सम्पत्ति कर

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - मूल्यांकनको आधारमा करको दर निर्धारण गरिएको ।
  - घरको मुल्यांकन दर प्रति वर्ग फिटको आधारमा घरको बनोट अनुसार निर्धारण भएको र ह्रास कट्टीको व्यवस्था भएको ।
  - जग्गाको मूल्यांकन दर निर्धारण गरिएको ।
  - चालु आ.ब. भन्दा अधिको कर (एकीकृत सम्पत्ति कर, मालपोत आदि) पहिलेको व्यवस्था अनुसार लिनुपर्ने ।

## २. भूमिकर (मालपोत)

- सम्पत्ति कर लागेको बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - जग्गाको मूल्यांकन दर निर्धारण गरिएको ।
  - जग्गाको मूल्यांकन अनुसार भूमिकरको व्यवस्था गरिएको ।

6/7/2021 FOOTER GOES HERE 7

## ३. घरजग्गा बहाल कर

- गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने ।
  - खण्ड ६८, संख्या ३, भाग ५, मिति २०७५।१।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर सम्बन्धित स्थानीय तहले संकलन गर्ने व्यबस्था ।

6/7/2021 FOOTER GOES HERE 8

## ३. घरजग्गा बहाल कर

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - संगठीत संस्थालाई वहालमा दिएमा १० प्रतिशत
  - पसल तथा व्यवसायलाई वहालमा दिएमा ५ प्रतिशत
  - घरायसी प्रयोजनलाई बहालमा दिएमा २ प्रतिशत
  - लेखा परीक्षण गराउनु पर्नेले वहाल रकम निर्धारण संझौता अनुसार
  - अन्यको हकमा स्वघोषणावाट वा वहाल संझौता बमोजिम



## ४. व्यवसाय कर

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने ।

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - व्यवसाय करको दर निर्धारण गरिएको ।
  - व्यवसाय दर्ता निशुल्क

## ५. बहाल बिटौरी शुल्क

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउने ।

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - ऐलानी तथा पर्ति जग्गामा बनेको घरको बिटौरी करको व्यवस्था
  - ऐलानी तथा पर्ति जग्गा ओगटी व्यापार तथा कृषि कार्यमा प्रयोगमा ल्याएमा बिटौरी कर
  - घुम्ती पसललाई बिटौरी कर



## ६. पार्किङ्ग शुल्क

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने ।

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - नभएको

## ७. जडीबुटी, कवाडी जीवजवन्तु कर

- गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने ।

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - जडिबुटीहरुको प्रति केजिका दरले कर निर्धारण
  - कवाडी करको दर प्रति केजीका दरले निर्धारण



## ८. सेवा शुल्क

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जीजम्प, जिपप्लायर, न्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने ।
  - तर अर्को गाउँपालिका वा नगरपालिकासंगको सीमाभित्र वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गर्नुपर्ने ।

## ८. सेवा शुल्क

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - नभएको ।



## ८. सेवा शुल्क

- आफैले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको देहायको कुनै सेवा उपलब्ध गराए बापत सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने :
  - खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
  - फोहरमैला व्यवस्थापन, ढल निकास, सडक बत्ति,
  - शौचालय, पार्किङ्ग, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, छात्राबास (होस्टेल), हाट बजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
  - सडक, बस पार्क, पुल जस्ता सेवा,
  - अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सम्बन्धी सेवा,

## ८. सेवा शुल्क

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - जग्गा मूल्यांकन सिफारिशको व्यवस्था



## ९. दस्तुर

- सिफारिस सम्बन्धी कुनै सेवा
- दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर
- घर नक्सा पास दस्तुर ।

## ९. दस्तुर

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - घर नक्सा पास दस्तुरको व्यवस्था
  - विभिन्न सिफारिश तथा प्रमाणीत दस्तुर
  - व्यवसाय इजाजत तथा दर्ता दस्तुर (घ बर्गको ठेक्का, विद्यालय, स्वास्थ्य संस्था आदि)



## १०. विक्री गर्न सक्ने : (दफा ६२ क)

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

## १०. विक्री गर्न सक्ने : (दफा ६२ क)

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - ढुङ्गा, गिट्टी, बालुवा प्रति ट्रक ट्र्याक्छर र टिपरका दरले दर निर्धारण



## ११. सामुदायिक वनबाट आय प्राप्त गर्ने : (दफा ६२ ख)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

## दण्ड जरिवाना तथा छुट र सहुलियत

- कर तथा शुल्क सोही आर्थिक बर्षमा नबुझाएमा १५ प्रतिशत जरिवाना
- नक्सा पास नगरी घर वनाएमा जरिवाना
- झुटो विवरण दाखिला गरेमा ५० प्रतिशत जरिवाना
- अनुमति विना प्राकृतिक स्रोत उत्खनन गरेमा जरिवाना
- चालु बर्षको असोज भित्र बार्षिक कर तथा शुल्क बुझाएमा १० प्रतिशत छुट
- राजस्व ठेक्काको पुरै रकम शुरुमा बुझाएमा ५ प्रतिशत छुट
- उद्योग तथा होटलको नक्सा पास दस्तुरमा ५० प्रतिशत छुट
- महिला, अपाङ्गता भएका तथा दलित बर्गका व्यक्तिले व्यवसाय करमा ४० प्रतिशत छुट
- कोभिडको कारणले आ.ब. २०७७८८ को व्यवसाय कर र बहालकर श्रावण भित्र बुझाएमा २५ प्रतिशत छुट



## स्थानीय तहवाट संकलन भई स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतको दरले बाँडफाँट हुने

- घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)
- मनोरञ्जन कर : स्थानीय तहले संकलन गर्ने (दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने)
- बिज्ञापन कर : स्थानीय तहले दर निर्धारण र संकलन गर्ने

## प्रदेश तहवाट संकलन भई प्रदेशलाई ६० र स्थानीय तहलाई ४० प्रतिशतका दरले बाँडफाँट हुने

- सवारी साधन (टाँगा, रिक्सा, इरिक्सा, अटो रिक्सा वाहेक) करको दर निर्धारण तथा संकलन

8/7/2021 FOOTER GOES HERE 36

## स्थानीय तहले संकलन गर्न सक्ने तर बाँडफाँट नहुने

- टाँगा, रिक्सा, इरिक्सा, अटो रिक्सामा सवारी साधन करको दर लगाउने तथा उठाउने कार्य स्थानीय तहले गर्ने
- यस्तो रकम बाँडफाँड गर्ने व्यवस्था नभएको ।

- स्थानीय आर्थिक ऐनको व्यवस्था
  - अटोरिक्सा तथा इरिक्साको दर्ता दस्तुर
  - दुबैको वार्षिक सवारी कर

8/7/2021 FOOTER GOES HERE 37

## संघ र स्थानीय तह बीच राजस्व बाँडफाँड

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - पर्वतारोहरण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट उठेको रकम वित्त आयोगको सिफारिशमा प्रभावित स्थानीय तहलाई बाँडफाँट हुने
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

8/7/2021 FOOTER GOES HERE 28

## अनुदानको व्यवस्था

- **बित्तीय समानीकरण अनुदानः** खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **समपूरक अनुदान** : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **बिशेष अनुदान** : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

8/7/2021 FOOTER GOES HERE 29

## बैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिगेरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिगेरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

## स्थानीय राजस्व परामर्श समिति गठनको व्यवस्था

हरेक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय राजस्व परामर्श समिति रहने :

संयोजक :

- उपाध्यक्ष वा उपप्रमुख

सदस्य :

- प्रमुख प्रशासकीय अधिकृत
- कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक महिला सहित दुई जना
- निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधी
- घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधी

सदस्य सचिव :

- कार्यपालिकाको राजस्व विभाग । महाशाखा । शाखा प्रमुख

## समितिको काम, कर्तब्य र अधिकार

- राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,
- राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने,
- राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रबर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने,
- कर राजस्व , गैरकर राजस्व, सेवाशुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।



## गाउँ । नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्य संचालन कार्यविधि

## राजस्व सुधार प्रकृयाको प्रस्तावित सुची

- आगामी ३ बर्षको राजस्व प्रक्षेपण सहितको राजस्व सुधार योजना तर्जुमा
- राजस्व सुधार योजनाको स्वीकृती
- राजस्व शाखाको व्यवस्थामा सुधार र लिखित जिम्मेवारी प्रदान
- राजस्व संकलनमा वडाको भुमिकामा स्पष्टता र लिखित जिम्मेवारी प्रदान
- राजस्व सुधारका पक्षहरुलाई स्थानीय आर्थिक ऐनमा समट्ने
- राजस्व प्रशासनको क्षमता विकास
- राजस्व संकलनको अनुगमन तथा मूल्यांकन (कर परीक्षणको व्यवस्था सहित)

## अनुसूची- ४ समुह

### समुह १: करको दर र दाहियार सम्बन्धी

संयोजक: उत्तमा राय उपाध्यक्ष

सदस्य: अशोक कुमार पाण्डे

सदस्य: चन्दा चौधरी

सदस्य: दिपकमणी गुप्ता

सदस्य: बाल मुकुन्द चौधरी

### समुह २: कर र गैर कर व्यवस्थापन सम्बन्धि

संयाजक: राधेश्याम चौधरी अध्यक्ष

सदस्य: शान्ता चौधरी वडा सचिव

सदस्य: ईन्द्र कमल याव वडा सचिव

सदस्य: अणेन्द्रनाथ राय

सदस्य: सुनिता हरिजन

### समुह ३:राजश्व प्रशासनीक सम्वन्धि

संयोजक: बुद्ध प्रकाश पौडेल प्रमुख प्रसाशकिय अधिकृत

सदस्य: नरेन्द्र प्रसाद चौधरी का.बा. वडा अध्यक्ष

सदस्य: जोखु प्रसाद गौड का.पा सदस्य

सदस्य: हिमादेवी राय का.पा सदस्य

सदस्य: राजन बस्याल ना.सु

सदस्य: विष्णु माया कुमारी राय थारु राजश्व सहायक












राजस्व सुधार
कार्ययोजना सम्बन्धी
अभिमुखीकरण